# सिद्धार्थनगर नगरपालिका कार्यालय

## सिद्धार्थनगर ,रुपन्देही

## सार्वजनिक सुनुवाई प्रतिवेदन २०७२




**<u>प्रतिवेदन प्रस्तुतिकरण</u>**

**सिटिजन्स मिडिया एण्ड पि.आर.सोलुशन**

**सिद्धार्थनगर,रुपन्देही**






# सिद्धार्थनगर नगरपालिका कार्यालय

## सिद्धार्थनगर, रुपन्देही,सार्वजनिक सुनुवाई कार्यक्रम

## २०७२

# मन्तव्य

सिद्धार्थनगर नगरपालिकाले सार्वजनिक सुनुवाई कार्यविधि २०६७ अनुसार आर्थिक वर्ष २०७१/७२ को तेश्रो तथा अन्तिम सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने सन्दर्भमा सिटिजन्स मिडिया एण्ड पिआर सोलुशन रुपन्देहीलाई  सार्वजनिक सुनुवाई कार्यक्रमको लागि अध्ययन,अनुसन्धान तथा प्रस्तुतिकरण गर्ने जिम्मवेवारी प्रदान गर्नु भएकोमा सर्व प्रथमतः सिद्धार्थनगर नगरपलिकालाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।यो अध्ययनले नगरपालिकाले गर्ने कामहरुलाई जनमुखी बनाउन र विकास निमार्ण प्रति जनसहभागीता अभिवृद्धि गर्न र आफ्नो नगर क्षेत्र भित्र भईरहेका कामहरुको बारेमा नगरवासिहरुले चासो राख्ने अवसर पाउने छन् भन्ने विश्वास गर्न सकिन्छ । अर्को तर्फ सिटिजन्स मिडिया एण्ड पिआर सोलुशनले आफुले पाएको जिम्मेवारी अनुसार अध्ययन गरी त्यसका तथ्याङ्क प्रस्तुत गरेको र यसले नगरपालिकालाई आगामी दिनमा आफ्नो कार्यदक्षता अभिवृद्धि गर्न सघाउ पुग्ने छ भन्ने आशा लिएका छौं ।

उषाकिरण कंडेल

कार्यक्रम संयोजक

सिटिजन्स मिडिया एण्ड पिआर सोलुशन

रुपन्देही

<u>**विषयसूचि**</u>

**क.सं.** **शिर्षक** **पेज नं.**

१) सार्वजनिक सुनुवाईको परिचय ................................ १–२

२) सार्वजनिक सुनुवाईको शुभारम्भ ....................................३–६

३) अघिल्लो सार्वजनिक सुनुवाईका प्रगति प्रस्तुतिकरण ...........७-११

४) तेश्रो सार्वजनिक सुनुवाईको प्रस्तुतिकरण .........................१२-२४

५) सेवाग्राहीका सुझाव तथा गुनासा सुनुवाई .......................२५-३६

६) मन्तव्य कार्यक्रम.......................................................३७–४०

७) नगरबासिका गुनासाहरुको सम्बोधन,प्रतिवद्धता र समापन...४१–४२

८) निश्कर्ष र सुझावहरु.................................................... ४३

९) सन्दर्भसूचि र अनुसूचिहरु

# १. परिचय

स्थानीय निकाय र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउन गरिने सार्वजनिक सुनुवाइ कार्यलाई व्यवस्थित गर्न स्थानीय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि, २०६७ तर्जुमा गरिएको छ । यसै कार्यविधिको अधिनमा रहि यो अध्ययन गरिएको छ । सिद्धार्थनगर नगरपालिका रुपन्देही जिल्लाको दक्षिणी भागमा अवस्थित नेपाल भारत सिमामा पर्ने पँचवटा प्रवेशद्धारमध्ये एक महत्वपुर्ण व्यापारिक एवं भगवान गौतमबुद्धको जन्म स्थल लुम्बिनीको प्रवेशद्धारका रुपमा रहेको छ । यसको नामाकरण भगवान गौतमबुद्धको नाम सिद्धार्थबाट संशोधित गरि नामाकरण गरिएको हो । भैरहवा रुपन्देही जिल्लाको सदरमुकामका रुपमा रहदै आएको छ । यस नगरपालिकाको स्थापना वि.स २०२४ सालमा भैरहवा नगरपञ्चायतका रुपमा भएको हो । वि.स २०३४ सालमा सिद्धार्थ नगरपञ्चायतका रुपमा नामाकरण भई वि.स २०४७ साल जेष्ठ २८ गते सिद्धार्थ नगरपालिकाका रुपमा नामाकरण भएको हो । यस सिद्धार्थनगर नगरपालिका भगवान गौतमबुद्धको जन्मस्थल लुम्बिनीबाट २२ कि.मी पूर्वमा  अवस्थित छ ।

# १.२.उद्देश्य

स्थानीय निकायवाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार बसाउन गरिने सार्वजनिक सुनुवाई गर्ने कार्य प्रक्रियालाई मार्गदर्शन गर्नु यस कार्यविधिको उद्देश्य रहनेछ ।

**१.३ सार्वजनिक सुनुवाइ किन ?**

१) नागरिकहरुका आफ्ना अभिमत प्रकट गरि स्वामित्व महसुस गर्न ।

२) नागरिकहरुबाट स्वतन्त्र रुपमा सुझाव र गुनासाहरु पोख्न ।

३) नागरिक अधिकार प्राप्त व्यक्तिहरु आफ्ना क्रियाकलाप र गतिविधि पारदर्शी बनाउन ।

४) पारदर्शिता दर्शाउन ।

५) क्रियाकलाप र गतिविधीहरुमा नागरिक सहभागिता स्पष्ट गर्न, सु-शासन संस्कारमा वृद्धि गर्न ।

६) नागरिकसभामा सम्बन्धित विषयवस्तुहरु स्पष्ट गर्न वा शंकामुक्त बनाउन ।

## १.४ सार्वजनिक सुनुवाईको आचार संहिता

१) सहभागिले बोल्नको लागी लिखित वा संकेत (हात उठाएर ) बाट अनुमति लिनु पर्नेछ।

२) संचालकले सहमति दिए पश्चात मात्र बोल्नु पर्नेछ।

३) सहभागि तथा बक्ताहरुले समय सीमा भित्र रहि बोल्नु पर्नेछ।

४) अनावश्यक वा अनुपयुक्त वा असान्दर्भिक भनाईलाई भन्दा विषयकेन्द्रित तर्फ हनु पर्नेछ।

५) सहभागिहरु आफ्नो कुरा राख्न आफ्नो परिचयको साथै आफुले सेवा प्राप्त गर्दा भएको अनुभव विषयकेन्द्रित भएर बोल्नु पर्नेछ।

६) सहभागिले, पहिले उठिसकेका विषयवस्तुलाई दोहोर्‍याउन पाउने छैनन्  पहिले उठिसकेका विषयवस्तुमा थप वा अन्य मत राख्नको लागि संचालकको अनुमति लिनु पर्नेछ।

७) सुनुवाईको क्रममा ब्यक्तिगत लान्छना लगाउन पाईनेछैन र ब्यक्तिगत कुरालाई सुनुवाईमा ल्याउन पाईने छैन।

८) सहभागिहरुले समस्या वा गुनासाहरु राखेमा सो को समाधानको लागि सुझाव पनि दिनुपर्नेछ।

९ बोल्दा पालै पालो र एउटा ब्याक्तिले एक पटक मात्र बोल्नु पर्नेछ।

१० प्रश्न कस्का लागि हो खुलाउनु  पर्नेछ।

# २.कार्यक्रम खण्ड

## कार्यक्रम सञ्चालन तथा आशन ग्रहण

कार्यक्रमको नाम :- सार्वजनिक सुनुवाई कार्यक्रम

आयोजक :- सिद्धार्थनगर नगरपालिका कार्यालय

सेवा प्रवाहको सर्वेक्षण तथा मूल्यांकन तथा सेवाग्राहीको सन्तुष्टी मापन :

सिटिजन्स मिडिया एण्ड पिआर सोलुशन, रुपन्देही

अध्यक्षता :-विष्णुदत्त गौतम कार्यकारी अधिकृत, सिद्धार्थनगर नगरपालिका

उद्घोषक :- श्री देवप्रसाद ज्ञवाली, सिद्धार्थनगर नगरपालिका

स्थान :- सिद्धार्थनगर उद्योग वाणिज्य संघको सभाहल भैरहवा

मिति :- २०७२ असार २४ गते विहिवार

समय :–दिउसो १.०० बजे

कार्यक्रमका सहभागी :- सिद्धार्थनगर नगरपालिकाका स्थानीय वासिन्दा,नागरीक समाजका अगुवा,राजनीतिक दलका प्रतिनिधि, टोल विकास सस्थाका अध्यक्ष सहित १६२ जना

सहजकर्ता :- २ जना ।

तथ्याङ्क प्रस्तुतिकरण :- उषाकिरण कंडेल, सिटिजन्स मिडिया एण्ड पिआर सोलुशन

सहजीकरण :- टि.पी. भुसाल, सिटिजन्स मिडिया एण्ड पिआर सोलुशन

# आसन ग्रहण कार्यक्रम

| क्र.स. | कार्यक्रम | नाम | पद |
|---|---|---|---|
| १ | सभापतिको आशन ग्रहण | श्री विष्णुदत्त गौतम | प्रमुख एवं कार्यकारी अधिकृत सि.न.पा. |
| २ | अग्रस्थानमा आशन ग्रहण | श्री सभापति ज्यू | नेपाली कांग्रेस, नगर समिति |
| ३ | अग्रस्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | ने.क.पा. एमाले, नगर कमिटी |
| ४ | अग्रस्थानमा आशन ग्रहण | श्री प्रतिनीधि ज्यू | ए.ने.क.पा. माओवादी, नगर कमिटी |
| ५ | अग्रस्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | राप्रपा, नेपाल नगर समिति |
| ६ | अग्रस्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | म.ज.अ.फोरम लोकतान्त्रीक, नगर समिति |
| ७ | अग्रस्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | जन अधिकार फोरम, नेपाल, नगर समिति |
| ८ | अग्रस्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | तमलोपा नगर समिति |
| ९ | अग्रस्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | राष्ट्रिय प्रजातन्त्र पार्टी, नगर समिति |
| १० | अग्रस्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | राष्ट्रिय जनशक्ति पार्टी, नगर समिति |
| ११ | अग्रस्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | राष्ट्रिय जनमोर्चा, नगर कमिटी |
| १२ | अग्रस्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | नेपाल कम्युनिष्ट पार्टी एकिकृत, नगर कमिटी |
| १३ | अग्रस्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | राष्ट्रिय जनमुक्ति पार्टी, नगर कमिटी |
| १४ | अग्रस्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | नेकपा,मार्क्सवादी नगर कमिटी |

| | | | |
|---|---|---|---|
| १५ | अग्रस्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | सद्भावना पार्टी, नगर समिति |
| १६ | अग्रस्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | ने.क.पा. संयुक्त, नगर कमिटी |
| १७ | अग्रस्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | म.ज.अ.फोरम गणतान्त्रिक, नगर समिति |
| १८ | अग्रस्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | ने.क.पा. माले, नगर कमिटी |
| १९ | अग्रस्थानमा आशन ग्रहण | श्री ईन्चार्ज ज्यू | नेकपा माओवादी  नगर कमिटी |
| २० | अग्रस्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | सङ्घीय समाजवादी पार्टी, नगर समिति |
| २१ | अग्रस्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | अखण्ड नेपाल पार्टी, नगर समिति |
| २२ | अग्रस्थानमा आशन ग्रहण | श्री ईन्चार्ज ज्यू | नेकपा माओवादी(मातृका समुह) नगर कमिटी |
| २३ | अग्रस्थानमा आशन ग्रहण | श्री अध्यक्ष ज्यू | राष्ट्रिय जनता दल |
| २४ | अग्रस्थानमा आशन ग्रहण | श्री प्रतिनीधि ज्यू | नेपाल पत्रकार महासंघ |
| २५ | अग्रस्थानमा आशन ग्रहण | श्री प्रतिनीधि ज्यू | जिल्ला प्रशासन कार्यालय |
| २६ | अग्रस्थानमा आशन ग्रहण | श्री प्रतिनीधि ज्यू | जि.वि.स. रुपन्देही |
| २७ | अग्रस्थानमा आशन ग्रहण | श्री प्रतिनीधि ज्यू | जिल्ला प्रहरी कार्यालय, रुपन्देही |
| २८ | अग्रस्थानमा आशन ग्रहण | श्री प्रतिनीधि ज्यू | जिल्ला ट्राफिक प्रहरी कार्यालय |
| २९ | अग्रस्थानमा आशन ग्रहण | श्री प्रतिनीधि ज्यू | नेपाल विद्युत प्रधिकरण |
| ३० | अग्रस्थानमा आशन ग्रहण | श्री प्रतिनीधि ज्यू | नेपाल टेलिकम |
| ३१ | अग्रस्थानमा आशन ग्रहण | श्री प्रतिनीधि ज्यू | जिल्ला जनस्वास्थ्य कार्यालय |
| ३२ | अग्रस्थानमा आशन ग्रहण | श्री प्रतिनीधि ज्यू | भिम अस्पताल |
| ३३ | यथास्थानमा आशन ग्रहण | सवै आमन्त्रित व्यक्तित्वज्यूहरु, | सवै सहभागीहरु |

## २.१.कार्यक्रम सञ्चालन :-देवप्रसाद ज्ञवाली, सूचना अधिकृत सि.न.पा.




सिद्धार्थनगर नगरपालिकाले सम्पादन गरेको विकास सम्बन्धि कार्यहरु र न.पा.ले प्रवाह गर्ने सेवा सुविधाको सम्बन्धमा सुशासन (व्यस्थापन र सञ्चालन ऐन २०६४, तत्सम्बन्धि नियमावली २०६५ र स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ तथा स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यबिधि २०६९ को परिच्छेद ९ को दफा ४९ बमोजिम प्रत्येक चौमासिक भित्र १/१ पटक गरी बर्षको ३ (तिन) पटक सार्वजनिक सुनुवाई गनुपर्ने व्यवस्था भए बमोजिम यस कार्यालयले तेश्रो चौमासिक तथा यो आर्थिक वर्षको अन्तिम सार्वजनिक सुनुवाईका लागि सिटिजन्स मिडिया एण्ड पिआर सोलुशनलाई जिम्मेवारी प्रदान गरिएको र कार्यक्रममा सो तथ्याङ्ग प्रस्तुत गरिने जानकारी सहित कार्यक्रममा आयोजा भईरहको जानकारी गराउदै नगरपालिकाका सूचना अधिकृत देवप्रसाद ज्ञवालीले उपस्थित सवै पाहुनाहरुमा स्वागत गदै कार्यक्रमको आरम्भ गर्नु भयो ।

## २.२ कार्यक्रम समुदघाटनः– राष्ट्रिय गानबाट ( सवै सहभागीबाट )






# ३. प्रगति सहितको प्रस्तुतिकरण

**(अघिल्लो सार्वजनिक सुनुवाईमा उठेका जिज्ञाशाको जवाफ सहित)**

**३.१ प्रगति सहितको प्रस्तुतिकरण :– श्री शैलेन्द्र प्रसाद श्रेष्ठ, वरिष्ठ ईन्जिनियर, सिद्धार्थनगर नगरपालिका कार्यालय ।**

कार्यक्रमको उद्देश्य सहित स्वागत मन्तव्य तथा गत मिति २०७१ फागुन २९ गते भएको सार्वजनिक सुनुवाईमा उठेका विषयहरुमा भएको कामको प्रगति सहितको प्रस्तुतिकरण गर्दै सिद्धार्थनगर नगरपालिकाका योजना प्रमुख वरिष्ठ ईन्जिनियर **शैलेन्द्र प्रसाद श्रेष्ठले** दोश्रो सार्वजनिक सुनुवाई कार्यक्रममा नगरबासिका तर्फबाट राखेका जिज्ञाशा तथा गुनासाहरुका बारेमा भएको प्रगति तथा भईरहेका कामबारे जानकारी दिनु भयो । कार्यक्रममा उहांले व्यक्त गर्नु भएको प्रगति विवरण :-

अघिल्लो सार्वजनिक सुनुवाईमा उठेका विभिन्न जिज्ञासाहरुको बारेमा नगरबासिहरुलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु । यहांहले उठाएका जिज्ञासा र सुझावले नै नगरपालिकाको विकासमा सकारात्मक प्रभाव पर्द भन्ने नगरपालिकाले आशा गरेको छ ।

१.एडिबिको लगानीमा जुन योजना सञ्चालनमा रहेका छन् ।त्यसमा नगरका विभिन्न क्षेत्रमा १० किलोमिटर नयां सडक र १२ किलोमिटर सतह ढलको काम भइरहेको स्पष्ट पार्न चाहन्छु ।

२. यस परियोजना अन्तगर्त उदय पथ जन कपथ,महाविरपथ,मैत्रिपथ, नारायणस्थान र गल्लामण्डिमा सडक निमार्णको योजना रहको र हाल उदय पथम काम भईरहेको,वर्षा शुरु भईसकेकोले बांकि काम वर्षा लगत्तै शुचारु हुने जानकारी गराउंदछु ।

३.एडिविको योजना र सडकको विषयमा विभिन्न चर्चाहरु बाहिर आएकाले सडकको मापदण्डका विषयमा कुनै फेरबदल नगरिएको र विषेशज्ञहरुले गरेको डिजाईन अनुसार नै सवै योजना अघि बढ्ने कुरामा विश्वस्त रहन आग्रह गर्दछु ।

४. कतिपयले जनकपथमा ईन्जिनियरेको घर परेकोले मापदण्ड नै परिवर्तन गरी सडक बन्न थालेको भन्ने जस्ता निराधार कुरा बाहिर ल्याएको र मेरो घर समेत सोही पथमा रहेकोले मापदण्ड विपरित हुने आफ्नो घर समेत भत्काउन आफु तयार रहको सार्वजनिक सुनुवाई मार्फत स्पष्ट पार्न चाहन्छु ।

५.सडक ढल अन्तर्गत वडा नम्बर ९ को बृहस्पति कलेज नजिकैबाट डाईभर्ट गरी डण्डा खोलामा पानी खसाल्ने गरी काम भईरहहेकोले सो काम सम्पन्न भए पश्चात सो क्षेत्रको डुवान समस्या समेत समाधान हुने छ भने वडा नम्बर ८ को हरिकिर्तन चोकबाट डाईभर्ट गरी नाला घाघंराखोलामा लैजाने योजना अनुरुप काम हुने भएकोले नगरपालिकाका विभिन्न वडाहरुमा भईरहेको डुवान समस्या समाधानमा सहयोग पुग्ने विश्वास लिन सकिन्छ ।

६.अर्को तर्फ नगरका विभिन्न सडकहरु मर्मत गर्नु पर्ने अवश्थ आएको तर एकै पटक गर्न नसकिने हुदां क्रमिक रुपमा काम गर्दे जाने विश्वास दिलाउन चाहन्छु ।

७. सार्वजनिक शौचालयका विषयमा जग्गाको पहिचान तथा सञ्चालन गर्न ईच्छुक निकाय तयार रहेमा नगरपालिका तयार रहेको र अटो भिलेजको लागि हाल केही बजेट विनियनेजन भई काम भएको र बा.कि काम आगामी आ.व.मा क्रमशःहुदै जाने जानकारी गराउन चाहन्छु ।

८.एडिबिको लगानीमा सञ्चालित योजनाहरुको अवधी बांकि रहेको र काम भईरहेकोले बांकि काम पनि क्रमिक रुपमा सम्पन्न हुदै जाने छन् ।

९. एडिबिको योजना अनुरुप भईरहेका कामका विषयमा विषयगत कार्याललयहरु संग समन्वय गरेर नै काम भईरहेको भएता पनि कतिपय स्थानमा समस्या आएकोले त्यस्ता स्थानमा समन्वग गरी काम गर्दै जाने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु ।साथै बनिरहेका सडकहरुमा सडकका अतिरिक्त बांकि रहेको क्षेत्रमा खानेपालि विद्युत लगाएतको कामका लागि समेत भएकाले सवै रेखाङ्कन गरिएको भाग सडक नै बन्ने भन्ने नरहेको स्पष्ट पार्न चाहन्छु ।

१०. अन्त्यमा नगरपालिका भित्र भईरहेका  विकास निमार्णका काम प्रति सवैको चासो उत्तिकै रहने गरे मात्र विकास हुने र सवैको सामुहिक प्रयसले मात्र यो नगर राम्रो बन्ने हुदां आ-आफ्ना क्षेत्रबाट सहयोग पुऱ्याउन सबै नगरबासिहरुलाई आग्रह गर्दछु ।

## ३.२. प्रगति सहितको प्रस्तुतिकरण,श्री विवेक कुमार खनालज्यू, वरिष्ठ अधिकृत सि.न.पा.




मिति ०७१ फागुन २६ गते भएको सार्वजनिक सुनुवाईमा प्राप्त सुझावहरुका सम्बन्धमा सिद्धार्थनगर नगरपालिका वरिष्ठ अधिकृत श्री **विवेक कुमार खनालले** प्राप्त जिज्ञाशा,सुझावहरु र त्यसको प्रगतिका बारेमा स्पष्ट पार्नु भएको थियो । जसको बुदांगत टिर्पोट यस प्रकार छ ।

**१. निरक्षर उन्मुलनका लागि जिल्ला शिक्षा कार्यालय र नगरपालिका संग मिलेर सहजकर्ता**

**छनौटको विषयः-**

- गरक्षेत्रभित्रको निरक्षर उन्मुलन अभियानको लागि जिल्ला शिक्षा कार्यालयले समादायिक विद्यालयका प्रधानाध्यापकसंग समन्वय गरी कार्यक्रम संचालन गरेको ।सहजकर्ता छनौटको कार्यमा नगरपालिकाको भूमिका नरहेको ।
- निरक्षरता उन्मुलन अभियानमा न.पा.ले माग भई आएका अन्य सहयोगहरु उपलब्ध गराएको ।

**२. ६ लेनको सडकमा वर्कसप रहेकोले सोलाई हटाउन पहल गर्नुपर्ने ।**

- लेनको सडक हाल बन्ने क्रममा रहेको । उक्त सडकको निर्माणकार्य पुरा भएपछि सो सडकमा वर्कसप राख्न नदिने व्यवस्था भएको ।
- हाल वर्कसप संचालनको लागि स्वीकृत माँग भई आउदा न.पा. तोकेको वडा नं. ९ को सिद्धार्थ अटोभिलेज बाहेक अन्य स्थानको लागि सिफारिश तथा स्वीकृत नदिएको ।
- आटोभिलेजको लागि न.पा. द्धारा ३० लाख बजेट छुट्याई सो रकमबाट बाटो मर्मत तथा बिजुलीको पोल तार जडान गरिएको ।
- वर्कसपको लागि आवश्यक पर्ने ट्रान्सफरमरको लागि विद्युत कार्यालयसंग पहल भईरहेको ।

**३. न.पा. बाहेक अन्य सरोकारवाला (खानेपानी, विद्युत) लाई पनि सहभागी गराउनुपर्ने ।**

- न.पा.ले आफ्नो सार्वजनिक सुनुवाईका् बेलामा सवै सरोकारवाला निकायहरु जस्तै खानेपानी, विद्युत, दुरसञ्चार लगायतका LINE AGENCIES हरुलाई आमन्त्रण गर्नेगरेको ।
- केही कार्यालयको उपस्थिती हुने गरेको ।
- कोही कार्यालय कार्य व्यवस्तता रहेको जानकारी प्राप्त हुन आएको ।

**४. न.पा.ले सार्वजनिक जग्गाको लागत राखी संरक्षण गर्नुपर्ने ।**

- न.पा.ले आफ्नो क्षेत्रभित्रको सार्वजनिक जग्गाको लागत राखेको ।
- सम्पूर्ण सार्वजनिक जग्गाको संरक्षणको लागि तारवार लगाउन आर्थिक श्रोतको कमिले गर्दा समस्या भएको । अन्य संघ सस्थाहरुसंग मिलि संरक्षणको लागि पहल गरिएको ।

**५. प्रत्येक घरधुरीमा फोहोरमैला व्यवस्थापन गर्नको लागि डस्टविन वितरण गर्नुपर्ने ।**

- IUDP कार्यक्रम अन्तरगत न.पा. क्षेत्रका विभिन्न स्थानमा डस्टविन वितरण गर्ने कार्यक्रम रहेको ।
- हाल कार्यक्रम संचालन भई रहेकोले छिट्टै नै डस्टविन वितरण समेत हुने ।
- डस्टविन वितरण भए पश्चात कुहिने फोहोर र नकुहिने फोहोर छुटाएर राख्नुपर्ने ।
- जथाभावी फोहोर फाल्न नपाईने र फालेको पाईएमा जरिवानाको समेत व्यवस्था हुने ।

**६. वार्ड नं. ८ मा सार्वजनिक सडक तथा नाला अतिक्रमण भएकोले सोमा ध्यान दिनुपर्ने ।**

- वार्ड नं. ८ लगायत नगरक्षेत्रका सम्पुर्ण सार्वजनिक सडक तथा नाला अतिक्रमण हुन नदिन न.पा. सदैव सचेत रहेको छ ।
- त्यस्ता नाला र सडक अतिक्रमण सम्बन्धी उजुरी प्राप्त भएमा तुरुन्त अमिन तथा नगर प्रहरी पठाई अतिक्रमण हुन नदिने प्रयास गरिएको छ ।
- सार्वजनिक सरोकारको बिषयवस्तु भएको हुँदा सम्पूर्ण नगरवासीहरुले नाला तथा सडक अतिक्रमण भएको खबर यथाशिघ्र न.पा. लाई जानकारी गराईदिन  हुन अनुरोध गर्दछौं ।
- हिजो मात्र जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र न.पा. को  बैठक वसी सडक पेटी अतिक्रमण बारेमा विभिन्न निर्णयहरु भएको छ । जसमा ७ दिन भित्र हटाउन माईकिगं गर्ने, त्यसपछि ३ वटै निकायको संयुक्त टोलिले सम्बन्धीत लाई जानकारी गराई सो स्थानबाट हटाउने भएको छ ।

**७. वृद्धभत्ताका लागि बेलहियाको रा.बाणिज्य बैंकबाट वितरणको व्यस्था मिलाउनुपर्ने ।**

- आगामी  आ.ब. देखि यस न.पा. को वडा नं. १ को वृद्धभत्ता वितरण गर्ने व्यवस्थाको लागि पहल भै रहेको बेलहिया शाखाका बैंक मेनेजरसंग यसका बारेमा छलफल गरी टुंगोमा पुगिनेछ ।

**८. भिम अस्पताल अगाडीको फोहोर अव्यवस्थित रुपमा सडकमा फालिएकोले सोमा ध्यान दिनुपर्ने**

- बेला बेलामा अस्पताल परिसरमा अस्पतालबाट माग भई आए बमोजिम अस्पतालजन्य फोहोर बाहेकका अन्य भारपात, फोहोरहरु सरसफाई गर्ने गरेको,अस्पतालजन्य फाृहोर अस्पताल आफैले व्यवस्थापन गर्नुपर्ने कानूनी व्यबस्था रहेको ।
- न.पा. ले मुख्य मुख्य स्थानमा दैनिक रुपमा सरसफाई गर्ने गरेको,न.पा. ले सरसफाई गरी सकेपछि सोही स्थानहरुमा तत्कालै पुनः फोहोर फाल्ने प्रवृतिमा सुधार नआएको । ७. सभागृहको नामाबरणको लागि नगरपालिकाले उचित निर्णय गर्नुपर्ने : न.पा. को स्वामित्वमा रहेको महेन्द्र सभागृहको नामाकरणको लागि राजनीतिक पार्टिका प्रतिनीधिज्यूहरुको बैठकमा  एक पटक छलफल गरिएको तर सहमती हुन नसकेको । पुन राजनीतिक दलहरुको बैठक बोलाई सभागृहको नामकरणको सम्बन्धमा छलफल गरीने ।

## ३.३ प्रगति सहितको प्रस्तुतिकरण श्री गणेश बहादुर क्षेत्री वरिष्ठ लेखा अधिकृत,सि.न.पा.




५.मिति २०७१।११।२९ गते भएको सार्वजनिक सुनुवाईमा आर्थिक प्रशासन संग सम्बन्धित जिज्ञासा तथा सुझावका सम्बन्धमा सिद्धार्थनगर नगरपालिकाका वरिष्ठ लेखा अधिकृत, **श्री गणेश बहादुर क्षेत्रीले** त्यसको प्रगतिका बारेमा स्पष्ट पार्नु भएको थियो । जसको बुदांगत टिर्पोट यस प्रकार छ ।

१. रिक्साको दररेट तोकिन पहल गर्नुपर्ने: सिद्धार्थनगर नगरपालिका कार्यालयले रिक्सालाई मर्यादित र व्यवस्थित बनाउने भन्ने सन्दर्भमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा ट्राफिक कार्यालय रिक्सा व्यवसायी ठेला व्यवसायी तथा टेक्सी व्यवसायीका प्रतिनीधिका रोहवरमा पटक पटक बैठक बसिएको छ ।

- रिक्सा व्यवसायीबाट उपभोक्तालाई बढी भाडा लिएको सन्दर्भलाई व्यवस्थित बनाउन जिल्ला ट्राफिक प्रमुखको संयोजकत्वमा १५ दिन भित्र प्रतिवेदन बुझाउने गरी एक अध्ययन कार्यदल गठन भएको छ ।
- कार्यदलले रिक्सा पर्किगं तथा रिक्साको दररेट अध्ययन गर्नेछ र टेक्सी पार्किङ्ग कहा कसरी गर्न सकिन्छ भन्ने सर्न्भमा बेलहिया बुटवल व्यापारिक मार्गका ईन्जिनियर भिमार्जुन कंडेको संयोजकत्वमा अध्ययन गरि प्रतिवेदन पेश गर्न कार्यदल बनी प्रतिवेदन नगरपालिकामा बुझाई सकेको छ सोलाई कार्यान्वयनमा ल्याईने तयारी भैरहेको छ ।
- रिक्साको भाडा दर कायम गर्ने तथा ठेला व्यवसायलाई व्यवस्थि गर्नका जिल्ला ट्राफिक प्रमुख को संयोजकत्वमा बनेको कार्यदलले काम गरिरहेको छ ।रिक्सा संचालनलाई थप व्यवस्थित गर्ने सन्दर्भमा र रिक्सा नवीकरण गर्ने सन्दर्भमा पत्रिकामा (एक) महिनाको सार्वजनिक सूचना जारी भएको छ ।
- नयाँ नयाँ प्रविधि भित्राउने उद्देश्य अनुरुप यस नगरको माग अनुसार रिक्सालाई विस्तारै विस्थापित गरी विद्युतिय रिक्सा संचालनमा ल्याउनको लागि नगरस्तरिय राजनीतिक दल तथा अन्य सरोकारवालाहरुसंगको परामर्शमा ५० वटा बिद्युतिय रिक्साको लागि यातायात कार्यालय बुटवलमा सिफारिश गरिएको छ । भविष्यमा विद्युतिय रिक्सा यस नगर क्षेत्रमा चल्ने हुनाले सो सम्बन्धमा जिल्ला ट्राफिक तथा जिल्ला प्रहरी कार्यालय रुपन्देहीको रोहवरमा विद्युतिय रिक्साको रुट समेत तय गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ । बिद्युतिय रिक्सा अथवा अन्य रिक्साको तथा ठेला र टेक्सीको लागि पार्किङ्गको लागि प्रयाप्त स्थान नहुनाले प्रमुख चुनौती रहेको छ ।
- विभिन्न स्थानहरुमा पार्किङ्ग (साईकल, मोटर साईकल, तथा कार जिपहरु) लाई व्यवस्थित बनाउने प्रयासको थालनी स्वरुप आखा अस्पतालको स्थानमा, मालपोतक कार्यालयको वरीपरी हाटबजारको दिन बाहेकको दिनमा तथा जिल्ला प्रशासन कार्यालयको अगाडी बोलपत्र आव्हान गरिएको छ ।
- 

# ४.सार्वजनिक सुनुवाई
# कार्यक्रममा अध्ययनको तथ्याङ्क प्रस्तुतिकरण

४.१ सार्वजनिक सुनुवाई कार्यक्रममा अध्ययनको तथ्याङ्क प्रस्तुतिकरण गर्दै सिटिजन्स मिडिया एण्ड पिआर सोलुशनका तर्फबाट  कार्यक्रम संयोजक **उषाकिरण कंडेल**

सार्वजनीक सुनुवाइको लागि सिटिजन्स मिडिया एण्ड पिआर सोलुशनलाई जिम्मेवारी प्रदान



गरेकोमा नगरपालिकालाई धन्यवाद ज्ञापन गर्दै कार्यक्रम प्रस्तोता उषाकिरण कंडेलले सार्वजनिक सुनुवाइका मापदण्ड, लक्ष्य उद्धेश्य तथा सिद्धार्थनगर नगरपालिकामा सार्वजनीक सुनुवाइ गर्नुपूर्व तयार पारिएको नागरीक प्रतिवेदन, सेवा प्रदायकहरुको बुझाई र सेवाका बारेमा सेवा ग्राहीहरुको सुन्तुष्टी मापन प्रतिवेदन सार्वजनिक पनि गर्नुभएको थियो । जसको अध्ययन र सार्वजनिक समय करिब १० दिन लागेको थियो ।

सर्बेक्षणमा ५० जना नगरपालिका कार्यालयमा आउने सेवाग्राहिहरु तथा वार्ड नं. ३ र ८ मा ५०- ५० जना गरि १०० जना संग अभिमत बुझ्नको लागी सबै जातजाति, लिंग का आधारमा वडावासीहरु लाई सहभागी गराइएको थियो । जसमा सहभागीहरुबाट बिभिन्न खालका जवाफहरु आएका थिए । नराम्रो अर्थात सन्तुष्ठ नभएकोमा एकदमै कम नागरिकको मत परेको थियो । मत सर्बेक्षणमा रहेको प्रश्नावलीमा धेरैकम मात्राले सबै प्रश्नहरुमा सहभागीता जनाएका थिएनन् । उहाले सार्वजनिक सुनुवाइको आचारसंहिताका बारेमा पनि जानकारी गराउनु भएको थियो । जसमा वक्ताले प्रत्यक्ष सरोकारका बिषयमा मात्र प्रश्न गर्ने, एक अर्कालाई आक्षेप लगाउन नपाईने, छोटो प्रश्न सोध्नुपर्ने लगायत आचार संहिता जानकारी गराईएको थियो । अध्ययनबाट प्राप्त तथ्याङ्क यस प्रकार थियो ।

# नागरिक प्रतिवेदन (Citizen Report Card) पत्र

| सि.नं. | उमेर समुह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १६ बर्ष देखि  २४ वर्ष सम्म | २५ जना | २५ % |
| २ | २५ बर्ष देखि ३९ वर्ष सम्म | ३४ जना | ३४ % |
| ३ | ४० वर्ष देखि माथी | ४१ जना | ४१ % |
| **जम्मा** | | **१०० जना** | **१०० %** |

## सेवाग्राहीको उमेर समुह

## सेवाग्राहीको शैक्षिक योग्यता

| सि.न. | शिक्षा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | ३० जना | ३० % |

| | | | |
|---|---|---|---|
| २ | साक्षर | १० जना | १० % |
| ३ | मा.वि.तह | २० जना | २०% |
| ४ | उच्च शिक्षा | ४० जना | ४० % |
| | जम्मा सख्या र प्रतिशत | १०० जना | १०० % |

## १. सेवाको सन्तुष्टि

| | | | |
|---|---|---|---|
| _१.१ तपाईले यस कार्यालय बाट समग्रमा कतिको्‌ सन्तुष्टि पाउनु भयो ? | सन्तुष्ट ३५ % | ठीकै ५० % | असन्तुष्ट १५% |
| | ३१% | ५२% | १७% |
| १.२ सेवा लिन जांदा कर्मचारीको ब्यावहार प्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| | ४५ % | ४० % | १५ % |
| | ४३% | ४३% | १४% |

## २. सेवाको नियमितता %मा

| | | | | |
|---|---|---|---|---|
| २.१ | नागरिक बडा पत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नु पर्ने सेवामा लागेको समय प्रति कतिको सन्तुष्ट हुनु हुन्छ ? | सन्तुष्ट | ठीकै | असन्तुष्ट |

| | | | | |
|---|---|---|---|---|
| | | ४० % | ४५% | १५% |
| | | ३८% | ४४% | १८% |
| २.२ | कार्यालय नियमित रुपमा (कर्मचारीको उपस्थिती , समय पालना , कार्य चुस्तता ) संञ्चालन भएको छ भन्ने कुरामा कतिको बिश्वस्त हुनु हुन्छ ? | बिश्वस्त ३४ % | ठिकै ५६ % | अविश्वस्त १०% |
| | | २८% | ६० % | १२% |
| २.३ | तपाईले सेवा लिन जांदा अतिरिक्त रकम तिर्नु भयो ? | तिरेको छैन् ४० % | एकदमै कम ५०% | धेरै तिरेको १०% |
| | | २७% | ५८% | १५% |
| २.४ | यस कार्यालयले सार्बजनिक चासो तथा समस्या समाधान गर्न औषत कति दिन लगाउने गरेको छ ? | एक दिन ३५% | दुई दिन ३० % | धेरै दिन ३५% |
| | | ३० % | २० % | ५० % |

## ३ सेवाप्रतिको जनविश्वास

| | | | | |
|---|---|---|---|---|
| ३.१ | यस संस्थाले दिने सेवाप्रति तपाईं कत्तिको विश्वस्त हुनुहुन्छ ? | विश्वस्त ३२ % | ठीक ५३ % | अविश्वस्त १५ % |
| | | ३० % | ५२% | १८% |
| ३.२ | यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नु भएको छ ? | धेरै ४० % | ठीक २५% | गरेको छैन ३५ % |
| | | ४१% | २५% | ३४% |
| ३.३ | यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कतिको छ । | धेरै ३० % | ठीकै ५० % | विश्वास छैन २० % |
| | | ३१ % | ४३% | २५ % |

| | | | | |
|---|---|---|---|---|
| ३.४ | यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ? | छ १३ % | छैन ५२ % | अलिकति थाहा छ ३५ % |
| | | १५% | ५६% | २९% |

## ४. सेवाको गुणस्तर

| | | | | |
|---|---|---|---|---|
| ४.१ | यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट ४० % | कम सन्तुष्ट ४१ % | असन्तुष्ट १९ % |
| | | ३३% | ३२% | ३५% |
| ४.२ | तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ? | आफै ६०% | नगरका ठूलाबडाको २५% | मध्यस्थकर्ता १५ % |
| | | ६२% | २२% | १६% |
| ४.३ | यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो ? | १ पटक २२ % | २ पटक ४३ % | ;f] eGbf a9L #% Ü |
| | | १६% | ४१ % | ४३% |

## ५. सेवा सम्बन्धी जानकारी

| | | | | |
|---|---|---|---|---|
| **५.१** | कार्यालयको भौतिक अवस्था कस्तो छ ? | अति राम्रो २५% | ठीकै ५८ % | नराम्रो १७ % |
| | | १७% | ६३% | २० % |
| **५.२** | कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाई जानकारी छ ? | छ ४० % | आंशिक जानकारी छ ३५ % | कुनै जानकारी छैन् २५ % |
| | | ३७% | २७% | ३६% |
| **५.३** | कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ? | अति राम्रो २० % | ठीकै ७० % | खासै राम्रो छैन १० % |
| | | १८% | ७३% | ९% |
| **५.४** | सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थित कति प्रतिशत हुने गरेको छ ? | २० % जति २० % | ५० % भन्दा माथि १९ % | थाहा छैन् ६१ % |
| | | ३७% | १२% | ५१ % |

| | | | | |
|---|---|---|---|---|
| ५.५ | परिषदमा राष्ट्रिय नीति निर्देशिका अनुसार समावेशी प्रकृतिको प्रतिनिधित्व भएको छ ? | छ २२ % | ठीकै छ ३५ % | साह्रै कम छ ४३ % |
| | | २४% | ३० % | ४६% |

## ६. नागरिक बडापत्र/उजुरी पेटिका गुनासो सुन्ने अधिकारी सम्बन्धमा

| | | | | |
|---|---|---|---|---|
| ६.१ | तपाईको बिचारमा सेवा ग्राहीले नागरीक बडा पत्रको उपयोग कुन हद सम्म गरेका छन ? | धेरै ५१ % | कम २० % | गरेका छैन्न २९% |
| | | ४३% | २७% | ३० % |
| ६.२ | तपाईको विचारकमा सेवाप्रदायकहरुले नागरीक वडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ? | धेरै ३५ % | कम ५० % | गरेको छैन १५% |
| | | ३८% | ४८% | १४% |
| ६.३ | तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ? | धेरै भएको छ ५ % | ठीकै भएको छ २० % | भएकै छैन ७५ % |
| | | १२% | १८% | ७० % |

## प्रश्नावली भाग -२,
## नागरिक प्रतिवेदन पत्र
### १. सिफारीस सम्बन्धी

| | | | | |
|---|---|---|---|---|
| १.१ | सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनुभयो ? | पाएँ २५ % | ठीकै पाएँ ६० % | स्पष्ट पाइँन १५% |
| | | १९% | ५९% | २२% |
| १.२ | कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पऱ्यो ? | दिएँ ५ % | थोरै दिएँ २० % | मागिएन र दिएन पनि ७० % |
| | | १२% | २२% | ६६% |

| | | | | |
|---|---|---|---|---|
| १.३ | त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ? | आफै ५० % | मध्यस्थकर्ता २६% | नेता- ठूलाबडा २४ % |
| | | २२% | २२% | ५६% |
| १.४ | राजस्व शुल्क तथा दस्तुर को- कससँग उठाउने गर्दछन् ? | सबैसँग कर उठाउँछन् ५५% | सीमित व्यक्ति सँग मात्र कर उठाउँछन् ३५% | धरै व्यक्ति संग १० % |
| | | ७५% | ८% | १७% |

## २. पूर्वाधार तथा सरसफाई सम्बन्धी

| | | | | |
|---|---|---|---|---|
| २.१ | कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ? | राम्रो ३२ % | ठीकै ४३% | खराब २५ % |
| | | २९% | ३९% | ३२ % |
| २.२ | कार्यालयमा सरसफाई सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ? | तुरुन्तै हुन्छ २० % | पटक पटक भनेपछि ४८% | जति भनेपनि हुन्न ३२% |
| | | २७% | ४४% | २९% |
| २.३ | तपाईको विचारमा न.पा. ले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्याक्रम के कस्तो किसिमले गर्छ ? | नियमित र राम्रो संग २९ % | ठीकै गर्छ ६० % | नियमित रुपमा गर्दैन् ११% |
| | | ३० % | ५३% | १७% |
| २.४ | नगरपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ? | राम्रो ११ % | ठीकै ३२% | खराब ५७ % |
| | | १६% | २३% | ६१ % |
| २.५ | सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ? | प्रभावकारी छन् २० % | ठीकै छन् २५ % | प्रभावकारी छैनन् ५५ % |
| | | १७% | १९% | ६४% |

| | | | | |
|---|---|---|---|---|
| २.६ | योजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ? | सहज १५% | ठीकै २५ % | अप्ठ्यारो ६० % |
| | | १२% | १२% | ७६% |
| २.७ | योजनाहरु जांच पास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ? | पर्दैन १९% | मागेरै लिन्छन् ४१ % | रकम नदिए अप्ठ्यारो पार्छन् ४० % |
| | | १७% | ३७% | ४७% |
| २.८ | योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनु भयो ? | सजिलै पाईयो २२ % | कहिले काँही पाईयो ५८ % | माग गर्दा पनि पाइएन २० % |
| | | २४% | ५३% | २३% |
| २.९ | विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ? | सजिलै पाईन्छ २८ % | सोधेपछि पाईन्छ ५०% | सोधेपनि पाइदैन २२ % |
| | | २२% | ५८% | २० % |
| २.१० | योजना सञ्चालन गर्दा न.पा..बाट कत्तिको सहयोग पाउनुभएको छ ? | धैरै सहयोग पाएको छु ३० % | ठीकै सहयोग पाएको छु ५० % | निरुत्साहित गरिन्छ २० % |
| | | २५% | ६० % | १५% |

**३.यस कार्यालयको तल दिएका विविध पक्षहरुमा तपाईको अनुभव कस्तो छ ।**

| | | | | |
|---|---|---|---|---|
| ३.१ | आर्थिक श्रोत कस्तो छ ? | आवश्यक श्रोत उपलब्ध ३५ % | कम श्रोत उपलब्ध ४५ % | अति कम श्रोत उपलब्ध २० % |
| | | **१४%** | **३० %** | **५६%** |
| ३.२ | काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ? | अति सरल २० % | ठीकै ५६ % | जटिल २४ % |
| | | **२३%** | **५१ %** | **२६%** |

| | | | | |
|---|---|---|---|---|
| ३.३ | कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ? | आवश्यक सीप छ ४३ % | आवश्यकता भन्दा कम छ ४३ % | सीप निकै कम छ १४ % |
| | | ४९% | ३५% | १६% |
| ३.४ | नगरपालीकाको आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ? | टाँसेको देखेको छु १० % | कहिले काँही टाँसेको देखिन्छ २८ % | खै कतै देखिएन ६२ % |
| | | २२% | १८% | ६० % |
| ३.५ | कार्य सम्पन्नको आधारमा मूल्याङ्कन भएको छ कि छैन् ? | छ २० % | ठीकै हुने गरेको छ २५% | कहिले पनि भएको थाहा छैन् ५५% |
| | | २३% | २३% | ५४% |
| ३.६ | वर्तमान कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट २० % | ठीकै ५० % | कुनै जानकारी छैन् ३०% |
| | | २१ % | ५४% | २५% |

**४. पारदर्शिता सम्वन्धी**

| | | | | |
|---|---|---|---|---|
| ४.१ | न.पा. मा अहिलेसम्म यस वर्ष कतिवटा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भए ? | १ वटा २०% | २ वटा ३५ % | कार्यक्रम बारे कुनै जानकारी छैन् ४५ % |
| | | ८% | १८% | ७४% |
| ४.२ | न.पा.मा अहिले सम्म कतिवटा सार्वजनिक परीक्षण कार्यक्रम सम्पन्न भए ? | धेरै १३ % | कम २२% | भएकै छैन् ६५ % |
| | | ११ % | २६% | ६३% |
| ४.३ | न.पा.मा वार्षिक रुपमा सामाजिक परीक्षण भएको छ ? | भएको छ १० % | अहिले सम्म भएको छैन् २० % | कार्यक्रम बारे कुनै जानकारी छैन् ७०% |
| | | ८% | २६% | ६६% |
| ४.४ | सार्वजनिक सुनुवाइमा गरिएका सार्वजनिक प्रतिबद्धता कत्तिको कार्यान्वयन भएको छ | धेरै १६ % | ठीकै २४ % | कुनै जानकारी नै छैन् ६० % |

| | | | | |
|---|---|---|---|---|
| | ? | १३% | २० % | ६७% |
| ४.५ | सार्वजनिक सुनुवाइको अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ? | संयन्त्र बनेको छ १० % | कुनै संयन्त्र बनेको छैन् २५ % | कुनै जानकारी नै छैन् ६५ % |
| | | १३% | २० % | ६७% |
| ४.६ | यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ? | धेरै जानकारी पाएको छु १० % | ठीकै जानकारी पाएको छु २५% | कम पाएको छु ६५ % |
| | | ११ % | २५% | ६४% |

## अभिमत(Exit-Poll)
## सेवाग्राहीको लिङ्ग

**महिला- २२,पुरुष-२८**

**सेवाग्राहीको उमेर समुह**

| सि.नं. | उमेर समुह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १६ बर्ष देखि २४ वर्ष सम्म | ६ जना | ६ प्रतिशत |
| २ | २५ बर्ष देखि ३९ वर्ष सम्म | २५ जना | २५ प्रतिशत |
| ३ | ४० वर्ष देखि माथी | १९ जना | १९ प्रतिशत |

| | | |
|---|---|---|
| **जम्मा** | **५० जना** | **१०० %** |

## <u>सेवाग्राहीको शैक्षिक योग्यता</u>

| **सि.न.** | **शिक्षा** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | निरक्षर | २ जना | ४ % |
| २ | साक्षर | १२ जना | २४ % |
| ३ | मा.वि.तह | १२ जना | २४% |
| ४ | उ.मा.वि तह | ११ जना | २२ % |
| ५ | स्नातक | १० जना | २० % |
| ६ | स्नातकोत्ततर | ३ जना | ६ % |
| | जम्मा | ५० जना | १०० % |

## सेवाग्राहीको जात/ समुदाय

| **सि.नं** | **जात/ समुदाय** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | ब्राम्हण/क्षेत्री | २५ जना | ५० % |
| २ | जनजाती | १० जना | २० % |
| ३ | मधेशी | ५ जना | १० % |
| ४ | दलित | ५ जना | १० % |
| ५ | मुस्लिम | ५ जना | १० % |

| | | |
|---|---|---|
| जम्मा | ५० जना | १०० % |

<u>सेवाग्राही नगरपालिका आउनुको कारण (सेवा)</u>

| सि.न. | काम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | चारकिल्ला /सिफारिस र अन्य सिफारिश | १६ जना | ३२ % |
| २ | कर तिर्न | १० जना | २० % |
| ३ | योजना माग तथा अन्तिम किस्ता लिन | ८ जना | १६ % |
| ४ | नविकरण | ४ जना | ८% |
| ५ | सुचना लिन | ७ जना | १४ % |
| ६ | आर्थिक सहयोग | २ जना | ४ % |
| ८ | उजुरी गर्न | ३ जना | ६ % |
| | जम्मा | ५० जना | १०० % |

## सेवा प्रतिको दृष्टिकोण र सन्तुष्टि

| | | | | |
|---|---|---|---|---|
| १ | सेवा लिदा को संग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो? | अति स्पष्ट ५८ % | ठीकै ४० % | अस्पष्ट२ % |
| | | ३० % | ४६ % | २४ % |
| २ | सेवा प्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझेजस्तो लाग्यो ? | अति धेरै २२ % | ठीकै ६८ % | थोरै १० % |
| | | **१४ %** | **६४ %** | **२२ %** |
| ३ | तपाई प्रति सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार ६२ % | ठीकै ३२ % | अभद्र/ अमर्यादित ६ % |
| | | **३६ %** | **४८ %** | **१६ %** |
| ४ | सेवा प्राप्त गर्न आवश्यक सुचनाहरु(प्रमाण,कागजात र शुल्क दस्तुर ) बारे तपाईलाई सेवा प्रदायक कर्मचारीले स्पष्ट गरेकी ? | अति स्पष्ट गरीदिए १४ % | ठीकै ५४ % | अस्पष्ट सूचना दिए ३२ % |
| | | **१४ %** | **५४ %** | **३२ %** |
| ५ | तपाईले राख्नु भएका समस्यालाई के कस्तो समाधान दिए ? | अति सजिलो तरीकाबाट समाधान दिए १८ % | ठीकै ६० % | समाधान दिन सकेनन् २२ % |
| | | **१८ %** | **६० %** | **२२ %** |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के कस्तो लाग्यो ? | अति सजिलो ( छोटो) २० % | ठीकै ५० % | लामो र झन्झटिलो ३० % |
| | | **२० %** | **५० %** | **३० %** |

# सिनपाका राम्रा र सुधार गर्न पर्ने पक्ष

| राम्रा पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|
| ➢ वडा र नगरपालिका दुवै ठांउमा कर्मचारी समयमा भेटिन्छन् ।<br>➢ मिठो बोलि र मिलनसार छन् ।<br>➢ आजकाल ईन्जिनियहरु पनि कार्यालयमा भेटिन थालेका छन् ।<br>➢ वडा र न.पा. मा काम छिटै भयो ।<br>➢ जिल्लाका अन्य नयां नगरपालिकाको तुलनामा यो नगरपालिकाको आय श्रोत राम्रो छ ।<br>➢ एडिबिको लगानीमा ठुला आयोजना सञ्चालित भएका छन् ।<br>➢ नपाका ४,५,९,र १० नम्बर कोठा लाग्यो ।<br>➢ | ➢ भौतिक संरचना सुधार गर्नुपर्ने, न.पा.बाट सञ्चालित योजनाहरुको अनुगमनलाई प्रभावकारी बनाउनु पर्‍यो ।<br>➢ एकिकृत शहरी विकास आयोजना लगाएत नगरमा सञ्चालित अन्य विकास निमार्णका कामको गुणस्तरमा ध्यान दिनुपर्ने ।<br>➢ सरसफाईको नियमितताका लागि थप गाडिको व्यवस्था गर्नु पर्ने ।<br>➢ हेल्प डेक्समा बस्ने कर्मचारीले निरक्षरलाई फारम भर्न लगाएतका नजानेका काममा सहयोग गर्नु पर्ने ।<br>➢ लुम्बिनी गेट नजिकैको ठेला,गाडि पार्किङ्ग हटाउने या व्यवस्थित गर्नु पर्ने ।<br>➢ सार्वजनिक जग्गाको संरक्षण प्रति ध्यान दिन पर्ने ।<br>➢ सार्वजनिक सुनुवाईमा भएका प्रतिवद्धता कार्यान्वयनमा जोड दिनु पर्‍यो ।<br>➢ वडा कार्यालयलाई प्रविधि मैत्रि ,बनाउन पर्ने,कम्प्युटरबाट काम शुरु गर्नु पर्ने ।<br>➢ वडामा जाने बाटोमा साईनबोर्ड राख्दा सेवाग्राहीलाई सहजता हुने । |

# ५.नगरबासिका गुनासा तथा सुझाव सुनुवाई

सहभागी बिचमा खुल्ला छलफल र छलफलमा उठेका बिषय बस्तु टिपोट

१. शैलेन्द्र प्रसाद श्रेष्ठ :- सिद्धार्थनगरनगर पालिका कार्यालय

२. विवेक कुमार खनाल :- सिद्धार्थनगरनगर पालिका कार्यालय

३. गणेश बहादुर क्षेत्री :- सिद्धार्थनगरनगर पालिका कार्यालय

४. टि.पी.भुसाल :-सिटिजन्स मिडिया एण्ड पिआर सोलुशन

## ५.२ सिद्धार्थनगर नगरपालिका कार्यालय

सार्वजनिक सनुवाईमा प्राप्त भएका सुझावहरु

मिति : २०७२।३।२४ गते विहिवार

**सामान्य प्रशासन महाशाखा**

- खुला दिशामुक्त क्षेत्र घोषणा त भयो तर सार्वजनिक शौचालय भएन यसका लागि पहल गर्नुपर्ने ।
- मायादेवी तरकारी तथा फलफुल बजारबाट निस्कने मासुजन्य फोहोर लुम्बिनी सडकमा फाल्न तत्काल बन्द गर्नुपर्ने ।
- वडा नं. ८ को नाला थुनिएको छ । अन्नपूर्ण पथदेखि सनसाईन स्कुलसम्म जाने नालाको पानी निकासा हुनपर्ने ।
- फुटपाथ सफा गर्ने र सामाग्री हटाउने काम छिटो हुनुपर्‍यो ।
- पशु बधशाला निर्माण हुनुपर्ने र मासु पसलले फाल्ने फोहोरले हैजा फैलिने डर भएको हुँदा सोलाई नियन्त्रण गर्नुपर्ने ।
- डम्पिङ्गसाईटको व्यवस्थापन राम्रो हुनपर्ने ।
- सामुदायिक स्कुलमा नगरपालिकाले सहयोग गर्नुपर्ने ।
- डेंगोको प्रकोप रोकथाम र भुस्याहा कुकुर नियन्त्रणमा ध्यान दिनुपर्ने ।
- वडा नं. ४ लाई खुल्ला दिशामुक्त घोषणा गर्ने कार्य छिटो गर्नुपर्ने ।

- बाटोमा रहेका ठेला हटाउनुपर्ने ।
- वडा नं. ८ को उत्तर दक्षिण बग्ने नाला सफा बनाउनुपर्ने ।
- युवा विकासमा ध्यान दिनुपर्ने । युवाहरु सहभागी हुने योजनाहरु ल्याउनुपर्ने ।
- अपाङ्गहरुलाई ध्यान दिएर कार्यक्रम ल्याउनुपर्ने । न.पा. मा काम गर्न जादा अपाङ्गमैत्री भएन सोमा ध्यान दिनुपर्ने ।
- वडा स्तरमा कम्प्युटर र ईन्टरनेटको व्यवस्था हुनुपर्ने ।
- खुल्ला दिशा मुक्त भन्ने कुकुरलाई बाटोमा दिशा गराउने कामलाई रोक्नुपर्ने ।
- सिद्धार्थ साहित्य परिषद्को लागि सार्वजनिक जग्गाको व्यवस्था गरीदिनु पर्ने ।
- गुणस्तिरिय शिक्षाको लागि नगरपालिकाले ध्यान दिनुपर्ने ।
- सरसफाईका कर्मचारी कमी भएकोले संख्या थप गर्नुपर्ने ।
- नगरपालिकाले खुट्टा नकमाई काम गर्नुपर्ने ।
- छाडा चौपाया नियन्त्रण गर्नुपर्ने ।
- उठेका गुनासाहरुको छिटो सुनुवाई हुनपर्ने ।
- नगरपालिकाको कार्यकारी अधिकृत सवै वडाहरुमा घम्नु पर्ने ।
- मापदण्ड बिपरीत चलेका स्वास्थ्य संस्थालाई अनुगमन गर्नुपर्ने ।
- सभागृहको नामाकरण छिटो हुनुपर्ने ।
- कर्मचारीहरुले आफ्नो आचरणमा सुधार गर्नुपर्ने ।
- **“हाम्रो बेलहिया**” हुनुपर्ने ।
- निर्माण समाग्री सडकबाट हटाउने व्यवस्था गर्नुपर्ने ।
- छलफलमा पर्याप्त समय नभएको हुनाले आगामी सार्वजनिक सुनुवाई हुँदा पर्याप्त समय विनियोजन गर्नुपर्ने ।
- सवारी पार्किङ्ग तथा पसलहरु लुम्बिनी सडक बुद्धचोक व्यवस्थित भएन त्यसलाई व्यवस्थित गर्नुपर्ने ।
- सार्वजनिक सुनुवाईमा सम्बन्धीत निकायका प्रमुखलाई अनिवार्य उपस्थित गराउनुपर्ने ।
- ई–रिक्सा छिटो सञ्चालनमा ल्याउनुपर्ने ।
- खुल्ला दिशामुक्त घोषणा गर्न ढिला भयो । छिटो कार्यान्वयन गर्न ध्यान दिनु पर्ने ।

**<u>योजना महाशाखा</u>**

- बसपार्कको व्यवस्थापन राम्रोसग गर्नुपर्ने । शान्तिनगर क्षेत्रमा बसपार्किङ्ग गर्ने समस्या हटाउन पर्ने । सवै बसहरु बसपार्कबाट छुट्ने व्यवस्था मिलाउनुपर्ने ।
- बसपार्क नजिकको बाटोहरु व्यवस्थित गर्नुपर्ने ।
- दोगहरी जाने वडा नं. १० को बाटो नापी कार्यालयबाट नापी गरी सडक कायम गर्नुपर्ने ।

- वि.पि. पथ शिवपथ जाने बाटो ४ वटा सार्वजनिक सुनुवाईमा उठाउदा पनि काम नभएको हुँदा सोमा ध्यान दिनुपर्ने । गल्लामण्डी दक्षिण तर्फको सडक मर्मत गरी गल्लामण्डीबाट मेडिकल कलेज जाने बैकल्पिक बाटोको रुपम विकास गर्नुपर्ने ।
- सडकमा धुलो उड्ने कारणबाट स्वास्थ्यमा असर गर्ने  हुँदा सोमा ध्यान दिनुपर्ने ।
- स्वीमिङ्गपुलको व्यस्था गर्नुपर्ने ।
- २० फिट भन्दा कम चौडाई भएको सडकमा नक्सा पास नहुनपर्नेमा १२-१५ फिटको सडकमा कसरी नक्सा पास भयो ?
- लुम्बिनी गेट नजिक सार्वजनिक शौचालय बनाउनुपर्ने ।
- नगरपालिकाको नयाँ Land Fill Site कहिलेसम्म तयार हुन्छ ?
- वडा नं. ४ भवानीपथमा खाल्टाखुल्टी भएको हुँदा सोलाई बनाउनुपर्ने ।
- ५४/५५ साल पहिला जग्गा किन्दा सडकको मापदण्ड ८ फिटको भएको तर हाल आएर सो सडक २० फिट हुँदा सबै जग्गा सडकमा जाने घर बनाउन जग्गा नबच्ने स्थिती भएकोले त्यस्ता स्थानमा ध्यान दिनुपर्ने ।
- सडक बनाउदा २० फिटको मापदण्ड कायम गरी बनाउनुपर्ने । २० फिट भन्दा सानो बाटोमा नाला नबनाउने व्यवस्था हुनपर्ने ।
- सडक निर्माण गर्दा १ जनाको मात्र कुरा नसुनी सामुहीक रुपमा आएको कुरालाई ध्यान दिएर कार्यान्वयन गर्नुपर्ने । नगरपालिकाले नाला निर्माण गर्न दायाँ बाँयाको जग्गा लिदा बराबर लिनुपर्ने ।
- नगरपालिकाका ईन्जिनियरको पर्खाल कहिले भत्कीन्छ ?
- भैरहवा क्याम्पस पछाडी नाली नबनेको हुँदा डुवान भयो कहिले सम्म बन्न सक्छ ।
- नगरपालिकाका ईन्जिनियरले बेलामा ईस्टिमेट गरिदिएनन् सोमा ध्यान दिनुपर्ने ।
- सडक राम्रो नभएकोले अनुगमन गरी सुधार गर्नुपर्ने ।
- विभिन्न स्थानहरुमा पार्कहरु तथा तलाउहरु बनाउनु पर्ने ।
- बृहस्गती कलेज नजिक बनेको नालाको गुणस्तरमा ध्यान दिनुपर्ने ।
- वडा नं. ४ हनुमान मन्दीर पूर्वको सडक मापदण्ड बमोजिम हुनपर्ने ।
- नगरपालिका भवन पछाडीको बाटो २० फिटको कायम गर्नुपर्ने ।
- अन्तरराष्ट्रिय बिमानस्थल बन्दै गरेको हुँदा सो बमोजिमको पूर्वाधार बन्नुपर्ने ।
- महाविरपथको नाला निर्माण गर्दा कमसल खालको ईटा प्रायोग भएकोले सोमा ध्यान दिनुपर्ने ।
- वार्ड नं. १२ हुँदै उदयपुर जाने सडक अन्तरगत घरमा जाने नाला माथि Slab छिटो हाल्नु पर्ने ।
- जनकपथ उदयपुर सडक बाटोमा भएको खाल्टा खुल्टी पुर्नुपर्ने ।
- वडा नं. ६ मा मिस्कट छर्री हाल्न ३५ हजारको योजनामा रकम थोरै भयो ।
- योजनाहरु सञ्चालन गर्दा प्राविधिक कर्मचारीबाट दुःख दिएका हुँदा सोमा ध्यान दिनु पर्ने ।
- नगर क्षेत्र भित्र हैण्डपाईप तथा वोरिङ्ग गाड्ने योजना ल्याउनुपर्ने ।
- कारीणिमाई मन्दीरमा शौचालय बनाउनुपर्ने ।

- ADB को योजनाको बारेमा जानकारी गराउनुपर्ने । गरेको कामको गुणस्तर कायम हुनुपर्ने र सोमा प्राविधिकले विशेष ध्यान दिनुपर्ने ।
- मायादेवी तरकारी फलफुल बजार व्यवस्थित भएन त्यसलाई ध्यान दिनुपर्ने ।
- प्लटिङ्ग गर्नेले नाला मिचेर बाटो बनाउने गरेको हुँदा तत्काल रोकी सिफारिश दिन बन्द गर्नुपर्ने ।
- रंगशाला पथमा नाला निर्माण नहुँदा सेफ्टी टंकीको फोहोर सोझै ढलमा फाल्ने काम भएकोले सोलाई रोक्नुपर्ने ।
- सडक बत्ति लगाउदा सडकतर्फ फर्काएर लगाउनु पर्ने । व्यक्तिको घरतर्फ पर्काउन नहुने ।
- वडा नं. ३ को रंगशाला क्षेत्रमा पानीको निकासको बिकल्प खोज्नुपर्ने ।
- वडा नं. ६ को डुवानको समस्या छिटो समाधान गर्नुपर्ने ।
- महिलाहरुको आय आर्जन हुने कार्यक्रम सञ्चालन हुनुपर्ने ।
- देवकोटा चोकमा रहेको वुद्धको मुर्ति हटाई देवकोटा चोक कायम गर्नुपर्ने ।
- सभागृह व्यवस्थित भएन । सोको नाम गणतान्त्रिक सभागृह राख्नु पर्ने ।
- काममा सुपरभिजन गर्ने जिम्मा लिएको संस्थाले अनिवार्य जिम्मा लिनुपर्ने ।
- भैलुभजको पछाडीको क्षेत्र डुवान भएकोले नाला बनाउनु पर्ने ।
- वडा नं. १० र ११ को सडकको समस्यालाई बिशेष ध्यान दिनुपर्ने । (पिपरहियामा)

## आर्थिक प्रशासन महाशाखा

- रिक्साको भाडा दर छिटो निर्भारण गर्नुपर्ने ।
- पार्किङ्ग शुल्क न.पा. आफैले उठाउनुपर्ने ।

## अन्य कार्यालय संग सम्बन्धित

- बिद्युत तारहरु लर्तिएको हुदा सोलाई मर्मत गर्नुपर्ने ।
- IUDP अन्तरगत बन्दै गरेको नाला नजिकको विद्युत पोल सार्ने काम छिटो हुनुपर्ने ।
- वडा नं. २ मा टेलिफोन लाईन अबरुद्ध भएको हुँदा छिटो सुचारु गराउनुपर्ने ।
- बिजुली र टेलिफोन का तारहरु जुधेकोले हटाउनुपर्ने ।
- जि.वि.स. मार्फात हुने योजनाहरुलाई सोझै नगरपालिकामा दिने व्यवस्था गर्नुपर्ने ।
- उदयपुर नालीमा परेका बिजुलीका पोलहरु तुरुन्त हटाउनु पर्ने ।
- शिक्षा स्वास्थ्यलाई नगरपालिकाले ध्यान दिनु पर्ने ।
- मापदण्ड विपरीत संचालन भएको स्वास्थ्य संस्थाहरुको अनुगमन हुनपर्ने ।
- बिद्युतको गुणस्तर राम्रो भएन, भोल्टेज कम अुने गरेकोले समस्या हुने गरेमो छ ध्यान दिनुपर्‍यो ।



## ५.२ सार्वजनिक सुनुवाई कार्यक्रम सहजीकरण




सार्वजनिक सुनुवाई कार्यक्रममा आ .व ०७१ /७२ को तेश्रो तथा अन्तिम सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी नगरबासिा जिज्ञाशा तथा सुझावहरुका सम्बन्धमा सिटिजन्स मिडिया एण्ड पआ रसोलुशनका कार्यकारी निर्देशक टि पी भुसालले सहजीरण गर्नु भएको थियो । सहजीकरण गर्दै सिटिजन्स मिडियाका कार्यकारी निर्देशक **टि.पी. भुसाल**



## सार्वजनिक सुनुवाई कार्यक्रममा जिज्ञाशा तथा सुझाव राख्दै नगरवासी

**१.ओम कुमार श्रेष्ठ,**

बसपार्कको व्यवस्थापन राम्रो सग गर्नुपर्ने । शान्तिनगर क्षेत्रमा बसपार्किङ्ग गर्ने समस्या हटाउन पर्ने । सवै बसहरु बसपार्कबाट छुट्ने व्यवस्था मिलाउनुपर्ने । बसपार्क नजिकको बाटोहरु व्यवस्थित गर्नुपर्ने ।



**२.नारायण प्रसाद उपाध्याय** बसपार्क वरिपरिको बाटो व्यवस्थित हुनु पर्‍यो ।सरसफाई र विकास निमार्णका



काममा जनताको सहभागितालाइ्र बढि जोड दिनु पर्‍यो ।



**३. रामबहादुर** दोगरी जाने वडा नम्बर १० को बाटो नापी कार्यालयबाट नापी गरी सडक कायम हुनु पर्‍यो । सडक मर्मत सम्भारमा ध्यान दिनु पर्‍यो ।

**४. झम बहादुर थापा**



स्वर्गद्धारी जाने बाटो नजिक बांकि सडक र नाला बनाउने योजना छ छैन स्पष्ट हुनु पर्‍यो ।



**५.प्रख्यात बन्जाडे** बुद्धचोकको अव्यवस्थित पार्किङ्गलाई सुधार गर्नुपर्ने । सडकमा धुलो उड्ने कारणबाट स्वास्थ्यमा असर गर्ने  हुँदा सोमा ध्यान दिनुपर्ने । नगरपालिकाको जग्गा व्यवस्थापन गरी स्विमिङ पुल निमार्ण गरेमा नगरपालिकाको आय श्रोत वृद्धिमा ध्यान दिंदा राम्रो ।पटक पटक भन्दा पनि कतिपय स्थानमा सडकको काम भएन् ।

**६.सिता काफ्ले**



२० फिटको भन्दा कम भएको सडकमा नक्सा पास हुनुपर्नेमा १२-१५ फिटको सडकमा कसरी नक्सा पास भयो ? लुम्बिनी गेट नजिक सार्वजनिक शौचालय बनाउन तयहां जग्गा छ भन्ने कुरा आएकोले पहल गर्दा उर्पयुक्त हुने ।।

**७.मोहनलाल गुरुङ** फुटपाथ सफा गर्ने र सामाग्री हटाउने काम छिटो गर्नु पर्‍यो । पशु बधशाला हुनुपर्ने र मासु पसलले फाल्ने फोहोरले हैजा फैलिने डर भएको हुँदा सोलाई नियन्त्रण गर्नुपर्ने । सिद्धार्थनगर नगरपालिकाको सभागृह व्यवस्थित हुनुपर्ने । डम्पिङ्गसाईटको व्यवस्थापन राम्रो हुनपर्ने ।





**८.हरिओम बिश्वकर्मा**

आईयुडिपी अन्तर्गत संचालित बन्दै गएको नाला नजिको विद्युत लाईन छिटो सार्ने काम हुनु पर्‍यो ।सो षेत्रमा टेलिफोन लाईन पनि अवरुद्ध छ सुचारु गर्न सुझाव ।डम्पिङ्गसाईटको व्यवस्थापन राम्रो हुनपर्ने । भुस्याहा कुकुर नियन्त्रण तथा सामुदायिक स्कुलमा नगरपालिकाले सहयोग गर्नुपर्ने बिद्युत बत्ति राम्रो छैन ध्यान दिनुपर्ने ।

**९.रामशंकर सडेरिया**

वडा नम्बर ११ पिछडिएको छ रातिमा कोही विरामी भएपनि लैजाने स्थित छैन।सडकको लागि तत्काल केही गरिदिनु पर्‍यो । बिग्रीएको बाटो मर्मत गर्नुपर्ने ।





## १०. हेमलाल अधिकारी

वडा नं. ४ लाई खुल्ला दिशामुक्त घोषणा गर्ने कार्य छिटो गर्नुपर्ने नपाको सहयोग भएमा छिटो गर्न सकिने । वडा नं. ४ भवानीपथमा खाल्टाखुल्टी भएको हुँदा सोलाई बनाउनुपर्ने, बिग्रीएको बाटो मर्मत गर्नुपर्ने ।



## ११.ढकिसरा कुँवर

आफुमा जनचेतना नभएकाले सरसफाई भएन पहिला आफैबाट शुरु गर्नुपर्‍यो ।सडक निर्माण गर्दा १ जनाको कुरा मात्र नसुनी सामुहीक रुपमा आएको कुरालाई ध्यान दिएर कार्यान्वयन गर्नुपर्ने ।



## १२. राधा गुरुङ

५४/५५ साल पहिला जग्गा किन्दा सडक ८ फिटको भएको तर हाल आएर सो सडक २० फिट हुँदा सवै जग्गा सडकमा जाने जग्गा नबच्ने स्थिती भएकोले त्यस्ता स्थानमा ध्यान दिनुपर्ने । सडकको नाममा सुकुम्बासि बनाउनु भएन यसमा ध्यान दिन आग्रह ।

## १३.चित्रलेखा थापा

सडक बनाउदा २० फिटको मापदण्ड कायम गरी बनाउनुपर्ने । सवैको राय नलिइ एक दुई

जनाको कुरा सुने विकास निमार्णकाकाम गर्न भएन ।







**१४. हनुमान सागर प्रसाद त्रिपाठि**

विपि पथको मायादेवि फलफुलद तथा तरकारी बजार व्यस्थित गर्नु पर्ने । शौचालको सरसफाई नहुदा वरिपरिकाबास्निदालाई समस्या परेको छ ।ध्यान दिनु पर्‍यो ।

**१५. अजय अधिकारी**

युवा विकासमा ध्यान दिनुपर्ने । युवाहरु सहभागी हुने योजनाहरु ल्याउनुपर्ने । फोहोर उठाउने गाडी हप्तामा २ चोटी आउनुपर्ने ।



सडकको मापदण्ड २० फिट कायम हुनपर्ने । २०- २० फिट बाटोबारे नगरबासि अन्यौमा छने स्पष्ट पार्नु पर्ने ।नगरपालिकाले विकास निमार्णमा सवैलाई समान ब्यबहार गर्नु पर्ने ।

**१६. दिलमाया जिसि**





**१७. कृष्ण बहादुर गुरुङ**

अपाङ्गहरुलाई ध्यान दिएर कार्यक्रम ल्याउनुपर्ने । न.पा. मा काम गर्न जादा अपाङ्गमैत्री नहुदा अपाङलाई समस्या छ यसबारेमापनिनगरपालिकाले ध्यान दिां राम्रो हुने ।

**१८. बिष्णु गौतम**

छाडा चौपाया गर्नुपर्ने । फुटपाथ सफा गर्ने र सामाग्री हटाउने काम छिटो हुनुपर्‍यो । बैंकरोडमा सडक पेटीमा राखेको सामान हटाउनु पर्ने ।

**१९.गीता कंडेल**

नाली बनेन बनेका ब्यवस्थित भएनन् पटक पटक भन्दा पनि,
निर्माण समाग्री सडकबाट हटाउने व्यवस्था गर्नुपर्ने ।

## २०.ध्रुव अधिकारी



वडा स्तरमा कम्प्युटर र ईन्टरनेटको व्यवस्था हुनुपर्ने । खुल्ला दिशा मुक्त भन्ने कुकुरलाई बाटोमा दिशा गराउने कामलाई रोक्नुपर्ने । सार्वजनिक सुनुवाईको तथ्याङ्कमा नगरपालिकामा ईन्जिनियर भेटिन थालेको बताइए पनि नगरपालिकाका ईन्जिनियरलाई खोज्दा नभेटीने समस्या यथावत रहेको सो समस्या समाधानमा अझै ध्यान दिनु पर्‍यो । जिवसले न.पा मार्फत गराउने योजनाहरु नपालाई नै दिनु पर्ने ।

## २१, देवि न्यौपाने

रंगशाला पथमा नाला निर्माण नहुँदा सेफ्टी टंकीको फोहोर सोझै ढलमा फाल्ने काम भएकोले रोक्नुपर्ने । सडक वत्ति लगाउदा सडक तर्फ फर्काएर लगाउनु पर्ने । व्यक्तिको घर तर्फ पर्काउन नहुने । वडा नं. ३ को रंगशालाक्षत्रेमा पानीको निकासको बिकल्प खोज्नुपर्ने ।सिद्धार्थ साहित्य परिषद्को लागि सार्वजयनक जग्गाको व्यवस्था गरीदिनु पर्ने ।

## २२.डा दामोदर ढकाल

बिकास र सुन्दरताका लागि नगरपालिकामा भएका जग्गा व्यवस्थापन हुनुपर्ने,ठाँउठाँउमा पार्कको व्यबस्था हुनुपर्ने , नालाको संरक्षण भएन एक हप्तामै भत्किए ,रिङरोडको अवधारणा र रेल सेवा के हो? बाटो २० फीट कायम गर्न साहस लिनुपर्‍यो । बृहस्पती कलेज नजिक भएको नाला विवादलाई यथासक्य छिटो टुङ्याउनुपर्ने ।





**२३, अशोक कुमार कर्ण**

सार्वजनीक सम्पत्तिको सुरक्षा जरुरी,नक्सा पासमा समस्या छ सुधार गर्नु पर्‍यो ।सिनपा ४ हनुमान मन्दिर नजिक मापदण्ड अनुरुप सडक निमार्ण गरिदिनु परयो ।

**२४,पुनम जैसवाल**



नगरपालिका छाडिको बाटो पनि २० फुट कायम गर्नु पर्‍यो । सडक व्यवस्थित हुनुपर्‍यो ।सरसफाईमा ध्यान दिनु पर्‍यो ।



**२५.रण बहादुर कुँवर**

रिक्साको भाडा दर छिटो निर्धारण गर्नुपर्ने ।अन्तरराष्ट्रिय बिमानस्थल बन्दै गरेको हुँदा सो बमोजिमको पूर्वाधार बन्नुपर्ने । वडा नम्बर ६ मा ढलको समस्या छ ध्यान दिनु परेयो ।महाविर पथको नाला निमार्णमाकमसल ईटा प्रयोग भएको छ यसमा अनुगमन र चासो राख्नु पर्‍यो ।

**२६.घनेन्द्र बिक्रम पाण्डे**



उदय पथमा नालिमा परेका बिद्युत पोल ब्यबस्थापन जरुरी,घरमा जाने नाला माथिको स्लाव छिटो राख्ने व्यवस्था हुनु पर्‍यो ।बाटोमा भएका खाल्डाहरु पुर्नु पर्‍यो ।

**२७. रामदयाल गुप्ता**

मिस्कट छर्रीका बिषयमा ८०-२० को काम पनि भएन । योजना समयमै सम्पन्न गर्नु पर्‍यो ।प्राविधिक कर्मचारीमा काम र सहयोगको भावना छैन सुधार गर्न जरुरी ।पार्किङ शुल्क न.पा आफैले उठाउदा राम्रो कारिणीमाई मन्दिरमा शौचालय निमार्ण गर्नु पर्ने । कर्मचारीहरुले आफ्नो आचरणमा सुधार गर्नुपर्ने । बिजुली र टेलिफोनका तारहरु जुधेकोले हटाउनुपर्ने बिद्युत तारहरु लर्तिएको हुदा सोलाई मर्मत गर्नुपर्ने ।



# ६.मन्तव्य खण्ड

## मन्तव्य कार्यक्रम

| क्र.स. | कार्यक्रम | नाम | पद |
|---|---|---|---|
| | | | |

| | | | |
|---|---|---|---|
| १ | मन्तव्य | श्री सुरेन्द्र जङ्ग थापा | नेपाली, काग्रेस नगर समिती |
| २ | मन्तव्य | श्री राजेश ढकाल | राप्रपा, नगर समिती |
| ३ | मन्तव्य | श्री शंकर ज्ञवाली | नेकपा- माओवादी, नगर समिती |
| ४ | मन्तव्य | प्र.नि.चुडा बहादुर कार्कि | जिल्ला प्रहरी कार्यालय रुपन्देही |
| ५ | मन्तव्य | श्रीवास्तव | विद्युत प्राधिकरण,भैरहवा वितरण केन्द्र |
| ६ | मन्तव्य | कुलप्रसाद न्यौपाने | सिद्धार्थनगर उद्योग वाणिज्य संघ |
| ७ | मन्तव्य | सागर अधिकारी | सिद्धार्थ एशोसियशन अफ ट्राबल एजेन्ट |
| ८ | मन्तव्य | आनन्द प्रसाद गुप्ता | |
| ९ | मन्तव्य | खिम बहादुर खत्रि | उद्योग व्यापार संगठन |
| १० | जवाफदेहीता | शैलेन्द्र प्रसाद श्रेष्ठ | वरिष्ठ ईन्जिनियर |
| ११ | प्रतिवद्धता मन्तव्य सहित कार्यक्रम समापन | श्री विष्णुदत्त गौतम | प्रमुख एवम कार्यकारी अधिकृत |



### ६.१ सुरेन्द्रजंग थापा नेपाली कांग्रेस,सिद्धार्थनगर समिती

सार्वजनिक सुनुवाईमा मन्तव्य व्यक्त गर्दै नेपाली कांग्रेस,सिद्धार्थनगर समितीका सभापति सुरेन्द्र जंग थापाले नगरवासिहरुले उठाएका सवालहरुलाई नगरपालिकामा शसक्त रुपमा उठाउने प्रतिवद्धता व्यक्त गर्नु भयो । सार्वजनिक सुनुवाईमा जनताले व्यक्त गरेका मतलाई आधार मान्दा नगरपालिकाले अझै आफ्नो कायैशैली र कार्य क्षमतामा सुधार गर्न आग्रह गर्नु भयो । बसपार्क एकै ठाँउबाट संचालन गर्न आग्रह गर्दै त्यसको लागि सबै राजनीतिक दल नगरपालिकालाई सहयोग गर्न तयार रहेको बताउनु भयो । उहांले सडक २० फिट कायम गर्न कामबाट पछि नहट्न पनि नगरपालिकालाई आग्रह गर्नु भयो ।



### ६.२. राजेश ढकाल (राप्रपा, नगर समिति)

सार्वजनिक सुनुवाईमा मन्तव्य व्यक्त गर्दै राप्रपाका नगर अध्यक्ष राजेश ढकालले एडिबीको प्रोजेक्ट र खानेपानी बिद्युतका बिषयमा समन्वय भएन भन्ने गुनासो छ भन्दै समन्वय हुनुपर्नेमा जोड दिनुभयो । सार्वजनिक सुनुवाई कार्यक्रममा अन्य कार्यालयका प्रमुखहरुको उपस्थिती रहनु पर्‍यो ।जसले गर्दा अन्तर कार्यालय वीच समन्वय र विकास कार्यमा सहयोग पुग्ने बताउनु भयो ।ढकालले एडिबिको प्रोजेक्टमा सुपरभाइजरले काम सहि ढंगले नगरेको अवश्था पाइएकोले त्यसलाई सुधार गर्नु पर्नेमा जोड दिनु भयो । जनघनत्व अनुसार  ट्रान्सफर्मर राख्ने व्यवस्था भएमा पटक पटक लाईन जाने समस्यामा सुधार आउने विश्वास व्यक्त गर्नु भयो ।



### ६.३.शंकर ज्ञवाली (नेकपा-माओवादी ,नगर समिति)

कार्यक्रममा आफ्ना धारणा राख्दै नेकपा माोवादीका नगर ईन्चार्ज शंकर ज्ञवालीले सुनौली शब्दको प्रयोगमा कमि ल्याउन आफ्नै सीमाको नाम बेलहिया भन्ने शब्द प्रयोग गर्दा राम्रो हुने बताउनु भयो ।उहांले ठुलाडाले नै नगरपालिकामा नियम मिचेर अस्तब्यस्त पारेको बताउदै यसमा सुधार जरुरी रहेको बताउनु भयो । उहांले महेन्द्र सभागृह नगरपालिकाकै स्वामित्वमा रहनु पर्ने नामाकरणमा विवाद नगरी पुरानै नामराख्दा पनि फरक नपर्ने र लुम्बिनी गेट नजिकै निर्माण सामाग्रीका पसलले बाटोमा सामान राखेका छन् ध्यान दिनु आग्रह गर्नु भयो ।

### ६.४.कुलप्रसाद न्यौपाने
### सिद्धार्थनगर उदोग वाणिज्य संघ)



कार्यक्रममा मन्तव्य व्यक्त गर्दै सिद्धार्थनगर उद्योग वाणिज्य संघका उपाध्यक्ष कुल प्रसाद न्यौपानेले नगरपालिकाको २५ बर्ष र अहिलेको अवश्थामा खासै परिवर्तन हुन नसकेको बताउदै स्थानीय निकाय जनप्रतिनिधि विहीन भएको अवश्थामा जिम्मेवारी बोधका साथ काम गर्नु पर्ने बताउनु भयो । विकास निमार्णका विषयमा उच्च मनोवलका साथ काम गर्न नगरपालिकाका कर्मचारीलाई आग्रह गर्दै न्यौपानेले एअरपोर्ट ,सेज, लुम्विनीको बिकासका लागि सवैको सामुहिक पहल आवश्यक भएकोमा जोड दिनु भयो ।



### ६.५.सागर अधिकारी,
### साटा अध्यक्ष

सार्वजनिक सुनुवाई कार्यक्रममा बोल्दै सिद्धार्थ एशोसिएशन अफ ट्रावल एजेन्ट साटाका अध्यक्ष सागर अधिकारीले नगरपालिका आफैले किन ४ वटा बसपार्क संचालन गरेको छ भन्ने प्रश्न गर्दै एकै ठांउबाट बसपार्क सञ्चालनन गर्न सके नगरपालिका भित्र यातायात व्यवस्थापनमा सहयोग पुग्ने तथा दुर्घटना कम हुने बताउनु भयो । उहांले सिन्डिकेटका कारण जनताले दु:ख पाएको बताउदै यस बारेमानगरपालिकाले ठोस कदम चाल्न आग्रह गर्दै पर्यटन व्यबसायि यसमा सहयोग गर्न तयार रहेको प्रतृकिया दिनुभयो । ई रिक्सालगायत, नगरपालिका किन खुल्ला दिशा मुक्त बन्न सकेन यसमा नगरपालिकाले चासो दिन आग्रह गर्नु भयो ।

### ६.६.खिम बहादुर खत्री
### उद्योग वाणिज्य संगठन



उद्योग व्यापार संगठनका अध्यक्ष सिम बहादुर खत्रिले एकिकृत सम्पत्ति कर लगाउन सबैले सहयोग गरेको उल्लेख गर्दै विकास निमार्णका काममा व्यवसायिहरुको समेत सहयोग रहने बताउनु भयो । अहिले पनि भैरहेका काममा आएका समस्या पनि बसेर छलफल गरेर अगाडि बढ्न सकिनेमा उहांले जोड दिनु भयो । खत्रिले देवकोटा चोकमा रहेको बुद्धको मुर्ति हटाई देवकोटा चोकलाई व्यवस्थि गर्न र नाम अनुसार चोक कायम गर्न आग्रह गर्नु भयो ।



**६.७. आनन्द प्रसाद गुप्ता**
**आम नागरीक सरोकार**

सार्वजनिक सुनुवाईमा कार्यक्रममा आमनागरिक सरोकार मञ्चका संयोजक आनन्द प्रसाद गुप्ताले व्यक्त प्रतिवद्धता कार्यान्वयन गर्नपनमा जोड दिनु भयो । उहांले विकास कार्यक्रम प्रति जानकारी लिन नगर प्रमुखलाई सवै वडाहरुमा पैदल निरिक्षण गर्न आग्रह गर्नु भयो । गुप्ताले एउटै बाटोमा ३ पटक सम्म पेचिङ हुने गरेको बताउदै कामको गुणस्तरमा ध्यान दिन नगरपालकालाई आग्रह गर्नु भयो ।



**६.८.प्रहरी निरिक्षक चुडा बहादुर कार्कि**
**जिल्ला प्रहरी कार्यालय ,रुपन्देही**

कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका तर्फबाट मन्तव्य व्वक्त गर्दै प्रहरी निरिक्षक चुडा बहादुर कार्किले सडक अतिक्रमण्म गरि सडकपेटिमा सामान राख्नेहरुलाई पहिले जानकारी गराउने र अटेर गरेमा समान समेत उठाउने गरी गरी सराकारवालाहरु वीच छलफल भईसकेकोले यो निर्णय छिट्टै कार्यान्वयनमा आउने बताउनु भयो ।उहांले नगर भित्रका समस्या समाधान का लागि सवैले आ आफ्नो तर्फबाट पहल गर्नु पर्नेमा जोड दिनुभयो ।



**६.९.ई.राजेन्द्र कुमार श्रीवास्तव**
**नेपाल विद्युत प्राधिकरण भैरहवा वितरण केन्द्र**

कार्यक्रममा सार्वजनिक सुनुवाईका क्रममा विद्युतका विषयमा नगरबासिले उठाएका जिज्ञाशाको जवाफ दिंदै नेपाल विद्युत प्राधिकरण भैरहवा वितरण केन्दका ईन्जिनियर राजेन्दै कुमार श्रीवास्तवले नगर क्षेत्र भित्र भईरहेका विकास निमार्णका काममा दुवै कार्यालय वीच समन्वय मै काम भईरहेको जानकारी दिंदै नभएका कतिपय विषयमा बसेर छलफल गरी अघि बढ्ने प्रतिवद्धता व्फ गर्नु भयो । भोल्टेजमा आएको समस्या यो श्रोत्रकै समस्या भएको बताउदै श्रीवास्तवले तार झुण्डिएका वा घर माथिबाट तार गएका विषमा स्थान तोकेर कार्यालयमा निवेदन दिन आग्रह गर्दै समस्या समाधान हुने आश्वासन दिनुभयो ।

# ७ जवाफ र प्रतिवद्धता




**७.१.सार्वजनिक सुनुवाई कार्यक्रमा उठेका जिज्ञासाको जवाफ दिंदै नगरपालिकाका वरिष्ठ ईन्जिनियर शैलेन्द्र प्रसाद श्रेष्ठ**

नगरवासिहरुले उठाएका जिज्ञासाहरुमा कतिपय जिज्ञासाहरुको विषयमा यस अघि नै स्पष्ट पारिसकिएको तर कतिपय विषयमा थप स्पष्ट पार्न आवश्यक रहेकोले केही कुा प्रकाश पार्न चाहन्छु ।

१.बाटोमा भएका खाल्डाहरु पूर्ने कमका लागि अहिले अति आवश्यक ठांउमा काम गरिएको र माटो पाट्ने काम नयां आर्थिक बर्षमा जारी रहने जानकारी गराउछौं ।

२.एडिविको काम २०१२ देखि २०१७ सम्म रहेकोले बन्दै गरेका काम २०१७ सम्म निरन्तर जारी रहने जानकारी गराउदछु ।

३. कतिपय सडकको विषमा किन कालोपत्रे गर्न सकिएन भन्ने जिज्ञासा छ ,त्यसमा ६०-४० अनुरुप काम गने भएमा नगरपालिका सधै तयार रहेको कुरा जानकारी गराउंदछु ।

४. जग्गा खरिद गर्दा २० फुट सडक बायम भएकोमा मात्र खरिद गर्न नगरबासिलाई आग्रह,पछि २० फुट कायम गर्दा जग्गा जाने भएकोले बेलैमा सचेत रहन आग्रह गर्दछु ।

५. रंगशाला वरिपरिको सतह ढलको विषयमा एडिबिको परियोजना अनुरुप काम हुदा समस्या समाधान हुने अपेक्षा गर्दछु ।

६. बाकि उठेका सवै विषयमा नगरपालिकामा छलफल गरी अघि बढिनेछ । आवश्यक परे वैठकमा सरोकारवालाहरुलाई समेत आमन्त्रण गरी उठेका विषय र समस्या समाधान गरिने विश्वास दिलाउन चाहन्छु ।

## ७.२. सार्वजनिक सुनुवाई कार्यक्रमा उठेका जिज्ञाशाको जवाफ दिँदै नगरपालिकाका प्रमुख तथा कार्यकारी अधिकृत विष्णुदत्त गौतम




कार्यक्रममा सहभागीहले उठाएका प्रश्न/जिज्ञासाहरुको उत्तर दिँदै सिद्धार्थनगर नगरपालिका कार्यालयका प्रमूख कार्यकारी अधिकृत विष्णुदत्त गौतमले नगरपालिका लाई पृष्ठपोषण दिनुहुने सम्पुर्ण नगरवासीहरु प्रति सर्वप्रथम आभार व्यक्त गर्नुभयो । उहांले नगरपालिकासंग सिमित श्रोत साधन तथा असिमित योजनाहरु रहेकोले नगरपालिकाले चाहेर पनि पुरा गर्न नसकेको बताउनु भयो । नगरबासिले उठाएका विकास निमार्णका माग पुरा गर्ने साधनश्रोत नगरपालिका संग तत्काल नभएको र क्रमिक रुपमा गर्दै जाने बताउनु भयो । कार्यकारी प्रमुख गौतमले नगरबासिहरुमा विकास गर्दा आफ्नो १ ईन्च पनि नजाओस अरुको जांदा केही फरक पर्दैन भन्ने खालका सोंचले समेत विकासमा समस्या आएको बताउनु भयो ।अलिकती सानो कुरा सहन नसक्दा बिकाशमा गाहो ।विकास पनि खोज्ने गुमाउन केही नचाहने प्रवृतिले समेत समस्या निम्त्याएको बताउदै यति हुदां हुदै पनि नगरपाकिाले आफ्नो श्रोत र साधनले भ्याए सम्म सवै तिर विकास होस भन्ने चाहनाले काम गरेको जानकारी दिनुभयो ।साथै सार्वजनिक सुनुवाई कार्यकम योजना माग्ने फोरम नभएकाले विकासको लागि प्रकृयागत रुपमै आउनु पर्ने जानकारी दिनु भयो । उहांले तत्काल सधार गर्न सकिने कार्यहरु बसपार्क व्यबस्थित गर्ने,सडकमा भएका खाल्डाखुल्डी पुर्ने,रिक्सा ठेला लगायतका समस्या,सडकमा जथाभावी सामान थुपार्ने कुरा भाडा जथाभावि लिने यि समस्यामा तत्काल ध्यान जाने बताउनु भयो । हाल बर्षायाम शुरु भईसकेकोले सडकमा सवै काम गर्न नसकिएको तर वर्ष लगत्तै सडकहरुको समस्या समाधान गर्न तर्फ थप ध्यान जाने बताउनु भयो । तर यि सवै कामको कार्यान्वयन नगरपालिका एक्लैले गरेर नहुने बताउदै कार्यकारी अधिकृत गौतमले सवैको सहयोग र सहकार्यले नै नगरको समग्र विकास हुने धारणा राख्नु भयो । कार्यक्रममा सहभागिता जनाउने सवै प्रति धन्यवाद ज्ञापन गर्दै आंउदो आर्थिक वर्षमा हुने सार्वजनिक सुनुवाईमा समेत गसै गरी नगरबासिका सुझाव आउने अपेक्षा राख्दै कार्यक्रमको औपचारिक रुपमा समापन गर्नु भएको थियो ।

## ८.निश्कर्ष र सुझाव

सिद्धार्थनगर नगरपालिका कार्यालयले निर्धारित समयमै सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरी नगरवासिका गुनासाहरु सुन्ने र त्यसको जवाफ दिने काम गरेको छ । यसले नगरपालिमा भईरहेका विकास निमार्ण र गतिविधि प्रति नगरबासिमा जानकारी प्रवाहका साथै आफ्नो नगरमा सञ्चालित योजना तथा काम प्रति नगरबासिहरुको समेत सहयोग रहनु पर्छ भन्ने कुरा प्रतिविम्बित गरेको छ । तुलनात्मक रुपमा यस विषयलाई निम्नानुसार मुल्याङ्गन गर्न सकिन्छ :-

**सकारात्मक पक्षहरु**

१. नगरपालिकाले निर्धारित समयमै सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरी सेवाग्रहीलाई नगरपालिकाबाट प्रवाह हुने सेवाहरुको बारेमा जानकारी प्रवाह भएको छ ।

२. सेवाग्राही संगबाट न.पा. स्वयमले प्रश्न नगरि अन्य संस्थाहरुवाट आफ्नो कार्यालय प्रतिको दृष्टिकोण बुझ्नु जसले गर्दा नगरपालिको काम कार्यबाहीका बारेमा यर्थाथ मुल्याङ्कन हुनु ।

२. सहज वातावरणमा कार्यक्रम संचालन र सम्पन्न हुनु ।

३.अन्य कार्यालयको बारेमा उठेका जिज्ञासाहरुको पनि उत्तर समेट्ने कोशिश गरिनु ।

४. कार्यक्रममा उठेका  जिज्ञासाहरुको सरल तरिकावाट जवाफ दिईनु  ।

५. कार्यक्रम समग्र व्यवस्थापन पक्ष राम्रो रहेको पाईयो ।

**सुधारात्मक पक्षहरु :**

१. कार्यक्रमम ानगरबासिहरुका व्यापक सुझाव र गुनासा रहने हुनाले समय सार्वजनिक सुनुवाईको समय बढाउदा प्रभावकारी हुने देखिन्छ ।

२. नगर भित्र भएका अन्य कार्यालयका प्रतिनिधी भन्दा कार्यालयप्रमूखहरुलाई नै सहभागिताता गराउदम राम्रो हुने ।

३. नगर भित्र संचालन भईरहेका निर्माण समितिका पदाधिकारीहरुलाई अनिवार्य रुपमा कार्यक्रममा सहभागीता गराउँदा कार्यक्रम अझ प्रभावकारी हुने देखिन्छ ।

सार्वजनिक सुनुवाई कार्यक्रमको सहजिकरण
सिटिजन्स मिडिया एण्ड पिआर सोलुशन
रुपन्देही

# सन्दर्भ सूची


१. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको वेभसाईट www.mofold.gov.np

२.सिद्धार्थनगर नगरपालिकाको वेवसाईट www.siddharthangar.gov.np र फेसवुक पेज www.facebook.com/hellosiddharthanagar

२ स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७

३ सार्वजनिक सुनुवाई प्रतिवेदन २०७१ फागुन (२९ गते सिद्धार्थनगर नगरपालिका )

४. नगरपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम तथा नगरपालिकाका विभागिय प्रमुखहरु संगको कुराकानी


# अनुसूचीहरु

१.सार्वजनिक सुनुवाई कार्यक्रमका फोटोहरु

२.सार्वजनिक सुनुवाई कार्यक्रममा भएको उपस्थिती

३.सार्वजनिक सुनुवाई कार्यक्रममा नगरवासिहरुका सुझावहरु




<u>सार्वजनिक सार्वजनिक सुनुवाइका केही तस्विरहरु</u>









